# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

प्रेस नोट

२०७१ चैत १० गते

## बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले पीडितलाई आश्वस्त पार्नुपर्छ :अध्यक्ष

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष अनुपराज शर्माले 'बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग' ले सशस्त्र द्वन्द्वबाट पीडित भएका नागरिकले न्याय पाउन सक्ने गरी कामकारबाही अघि बढाउनुपर्ने आवश्यकता औंल्याउनुभएको छ ।

'बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग' का पदाधिकारीहरूसँगको छलफल कार्यक्रममा मंगलबार बोल्दै अध्यक्ष शर्माले त्यस्तो आवश्यकता औंल्याउनुभएको हो । उहाँले 'बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग' ले पीडित आश्वस्त हुने वातावरण तयार पार्न सकेमा मात्रको सफलता झल्कने विचार राख्नुभयो ।

अध्यक्ष शर्माले राष्ट्रिय मानव अधिकार आयोग 'बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग' प्रति सहयोगी र सकारात्मक रहँदारहँदै पनि आयोग गठन प्रक्रियासम्बन्धी ऐनका कतिपय प्रावधानप्रति आफूहरू असहमत रहेको जानकारी दिनुभयो ।

उहाँले त्यस ऐनमा रहेका कतिपय प्रावधान मानव अधिकारमैत्री नभएको र तिनलाई यथाशक्य छिटो संशोधन गर्नुपर्ने खाँचो औंल्याउनुभयो ।

छलफल कार्यक्रममा बोल्दै 'बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग' का अध्यक्ष लोकेन्द्र मल्लिकले आफूहरूले राष्ट्रिय मानव अधिकार आयोगको सहयोगी र समन्वयकारी भूमिका अपेक्षा गरेको बताउनुभयो ।

सो अवसरमा उक्त आयोगका सदस्यहरू बिजुल विश्वकर्मा, प्राडा विष्णु पाठक, नरकुमारी गुरुङ र आइबहादुर गुरुङले आफूहरूले हालसम्म सम्पादन गरेका कामहरूबारे जानकारी दिनुभएको थियो ।

छलफल कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका सदस्यहरू प्रकाश वस्ती, सुदिप पाठक, मोहना अन्सारी तथा गोविन्द शर्मा पौड्यालले 'बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग' ले सम्पादन गरिरहेका कामबारे जिज्ञासा राख्नुभएको थियो ।

मोहना अन्सारी
प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org